आज मिति २०७५।०९।१९ गते भएको नगर कार्यपालिका वैठकमा पेश भएका कार्य सूचि मध्ये तपशिल वमोजिम निर्णय गर्ने सहमति गरियो ।

(१.) कार्य सूचि १ को हकमा आगामी हुने नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(२.) कार्य सूचि २ को हकमा नेपाल पत्रकार महासंघ नवलपरासी (ब.सु.पू.) शाखाको सधारण सभा खर्चको लागि मिडिया/ संघ संस्था साझेदारी शिर्षकबाट रु ४०,०००।– ( अक्षरमा चालिस हजार रुपैंया ) दिने निर्णय गरियो ।

(३.) कार्य सूचि ३ को हकमा थारु उत्थान युवा समाजको थारु जातीको पहिचान झल्कने कार्यक्रमको लागि कला संस्कृति संरक्षण तथा साना पूर्वाधार शिर्षकबाट रु २५,०००।– (अक्षरमा पच्चिस हजार) दिने निर्णय गरियो ।

(४.) कार्य सूचि ४ को हकमा प्रथम ऐतिहासिक मध्यविन्दु महोत्सवका लागि कला संस्कृति संरक्षण तथा साना पूर्वाधार शिर्षकबाट रु २५,०००।– (अक्षरमा पच्चिस हजार) सहयोग गर्ने निर्णय गरियो ।

(५.) कार्य सूचि ५ को हकमा सम्बन्धित वडा समितिसँग समन्वय गरि कार्यक्रम संचालन/सम्पन्न गर्ने निर्णय गरियो ।

(६.) कार्य सूचि ६ को खण्ड क, ख, र ग को सम्बन्धमा तराई मधेश समृद्धि कार्यक्रमको लागि Matching Fund को लागि जनसहभागिता (उपभोक्ताबाट) १०% उठाइ मर्मत संभार कोषमा राख्ने र नगरपालिकाबाट १०% ले हुने रकम नगरपालिकाको आन्तरिक स्रोतबाट बेहोर्ने निर्णय गरियो । साथै खानेपानीको ओभरहेड निर्माण सम्बन्धमा रु २४,०००,०००।– को टेण्डर आव्हान गर्ने सहमति गरियो ।साथै तराई मधेस कार्याक्रमबाट प्राप्त सडक कालोपत्रेको लागि तोकिए बमोजिमको स्थानमा कालोपत्रे गर्न रू २ करोड ४० लाख परियोजना बनाई बोलपत्र आवान गर्ने र न.पा को तर्फबाट समपूर्क कोष राख्न लागाउन अख्तियारी गर्ने निर्णय गरियो ।

(७.) कार्य सूचि ७ को सन्दर्भमा न्यायीक समिति सम्वद्ध पदाधिकारीको प्रशिक्षणको लागि नगरपालिकाको विषयगत समिति कार्यक्रम शिर्षकबाट खर्च लेख्न अख्तियारी दिने निर्णय गरियो ।

(८.) कार्यसूचि ८ को सम्बन्धमा बैठकमा जानाकारी गराई सोहि अनुसार गर्ने निर्णय गरियो ।

(९.) कार्य सूचि ९ को हकमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको विभिन्न कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्त्रयन गर्ने निर्णय गरियो ।

(१०.) कार्यसूचि १० को खण्ड क को हकमा सोहि बमोजिम गर्ने, खण्ड ख को हकमा वडा नं. ५ को बन्दिपुर समेत थप गरि नगरसभामा निर्णयको लागि पेश गर्ने साथै खण्ड ग को हकमा नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(११.) कार्य सूचि ११ को हकमा सब-ईन्जिनियर श्री छबिलाल गौतम को शुरु स्केल बमोजिम गर्ने र रहजर वडा कार्यलय १६ मा कार्यरत श्री रविन्द्र पौडेललाई तृतीय तहबाट चौथो तहमा स्तर वृद्धि गर्न सहमति दिने निर्णय गरियो । अन्य कर्मचारीहरुको न्यूनतम तलब भत्ता सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा शाखा अधिकृत र लेखा अधिकृत रहने गरि न्यूनतम तलब भत्ता पुनरावलोकन समिति गठन गरि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(१२.) कार्य सूचि १२ को खण्ड क को हकमा सम्पूर्ण कार्यरत कर्मचारीको वार्षिक रुपमा आवधिक दुर्घटना विमा गरिदिने र खण्ड ख को हकमा साविक स्थानीय निकाय तर्फका स्थायी कर्मचारीहरुको हाल सम्म सावधिक जीवन विमा रकम कट्टी तथा जम्मा नगरिएको हुँदा निजहरुको शुरु स्थायी नियुक्ती अवधिदेखि नै नियमानुसारको साबधिक जीवन बिमा वापतको रकम कट्टी तथा सो बराबरको रकम थप गरी नगरपलिकाको आन्तरिक स्रोतबाट यस कार्यालयको विशेष कोष खातामा जम्मा गरिराख्ने निर्णय गरियो ।

(१३.) कार्य सूचि १३ खण्ड क को हकमा तालिमको व्यबस्था नगरपालिकाले मिलाउने, खण्ड ख र ग को हकमा थप अध्ययन गरि योजना निर्माण गर्ने निर्णय गरियो ।

(१४.) कार्य सूचि १४ को हकमा प्रचलित कानून बमोजिम खरिद गर्ने र बाँडफाँडको लागि आगामी कार्यपालिका बैठकले निर्णय गरे बमोजिम हुने ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(१५.) कार्य सूचि १५ का सम्बन्धमा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नको लागि परामर्श दाता मार्फत कार्य गराउन स्वीकृति दिने निर्णय गरियो ।साथै प्रचलित खरिद ऐन बमोजिम सम्झैता गरी न.पा को अन्तिरक आयबाट खर्च लेख्ने सहमति दिइयो ।

(१६.) कार्य सूचि १८ को सम्बन्धमा वास्तविक लागत अनुमान तयार गरि यथार्थ कामको मूल्याङ्कन गरी भुक्तानी दिने निर्णय गरियो ।

(१७.) कार्य सूचि १९ को हकमा कार्यालय भवनको तेस्रो तल्ला निर्माण लगायत अपाङ्गमैत्री कार्यालय बनाउन थप बजेटको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।साथै नपुग रकम रू २०लाख न.पा को अन्तिरक आयबाट खर्च लेख्ने गरि बोलपत्र आव्हान गर्न अख्तियारी दिइयो ।

(१८.) कार्यसूचि २० को हकमा सुरक्षा गार्ड २ जनाथप गर्ने र १ जना सरसफाईकर्मी निजि क्षेत्रसँग सम्झौता गरी आन्तरिक स्रोतबाट व्यबस्थापन गर्ने गरि सहमति दिने निर्णय गरियो ।

(१९.) कार्य सूचि २१ को हकमा कार्यसूचि अनुसार हुने गरि न्यूनतम रु १००,०००|– (अक्षरमा एक लाख) भ्याट बाहेक नघट्ने गरि वोल पत्रको सूचना आव्हान गर्न स्वीकृति दिने निर्णय गरियो ।साथै न्युन्तम भाडा रकम रू ३० हजार र यसमा लाग्ने बहाल कर समेत न. पा ले थप गरी जग्गा भाडामा ल्याउने संयोजनकर्तालाइ भुक्तानी दिने निर्णय गरियो ।

(२०.) कार्य सूचि २२ को हकमा निम्नानुसारको दररेट भन्दा बढि नहुने गरी सेबा शुल्क लिन पाउने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| क.) बस | १२ घण्टा | रु १००|– | |
| ख.) मिनि बस | १२ घण्टा | रु ७५|– | |
| ग.) ट्रक ठूलो | १२ घण्टा | रु १००|– | |
| घ.) ट्रक मिनि | १२ घण्टा | रु ७५|– | |
| ङ.) माइक्रो बस | १२ घण्टा | रु ५०|– | |
| च.) ट्याम्पो | १२ घण्टा | रु २०|– | |
| छ.) मोटरसाईकल | १२ घण्टा | रु १०|– | |
| ज.) साइकिल | १२ घण्टा | रु ५|– | |
| झ.) ठेला | १२ घण्टा | रु ५०|- | मासिक रु १०००|– |
| ञ.) ट्रयाकटर | १२ घण्टा | रु ५०|– | |
| ट.) अस्थायी चिया/खाजा पसल | १२ घण्टा | रु ५०|- | मासिक रु १०००|– |
| ठ.) कार | १२ घण्टा | रु ४०|– | |

(२१.) कार्य सूचि २३ को हकमा जग्गा धनीसंग जग्गाको मञ्जुरीनामा ५ वर्ष ६ महिना अवधिको लागि लिने, जग्गाको भाडा वृद्धि प्रति वर्ष १०% को दरले हुने र उल्लिखित जग्गा भाडामा दिंदा बोलपत्र प्रत्येक २ वर्षमा बढाबढमा खोल्ने निर्णय गरियो । बोलपत्र आव्हान गर्दा नियमानुसार दर्ता र नविकरण भएका सामाजिक संघ संस्था र व्यक्तिले समेत बोलपत्र दर्ता गर्न सक्ने निर्णय गरियो ।

(२२.) कार्य सूचि २४ को हकमा प्रस्ताब आगामि नगर सभामा लैजाने निर्णय गरियो ।

(२३.) कार्य सूचि २५ को हकमा अध्ययन गरी नगर सभामा पेश गर्न लगाउने निर्णय गरियो ।

(२४.) कार्यसूचि २६ को सम्बन्धमा सामाजिक विकास समितिबाट निर्णय भै प्रस्ताव पेश भए वमोजिमको कार्यक्रममा नगर कार्यपालिका बैठकबाट निम्न अनुसार कार्यक्रम संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय प्रतिलिपि प्रमाणित

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

तपसिल

महिला लक्षित सिप तथा क्षमता विकास कार्यक्रमको योजना

| क्र.स. | कार्यक्रमको नाम | लक्षित समुह | सहभागि संख्या | समय अवधि | स्वीकृत बजेट | न्युनतम शर्तहरु |
|---|---|---|---|---|---|---|
| १ | नगरसभाका महिला सदस्यहरुका लागि कानूनी साक्षरता तालिम | महिला | ३५ जना | एक हप्ता | २,००,००० | - |
| २ | साविकको सिलाई कटाई तालिम लिएका मध्येबाट एडभान्स सिलाई कटाई तालिम | महिला | २० जना | तीन महिना | ४,००,००० | व्यवसाय शुरु गरेकालाई मात्र |
| ३ | विद्यालयमा स्यानीटरी प्याड वितरण | किशोरी | - | - | १,५०,००० | - |
| ४ | नारी दिवस | महिला | - | - | ५०,००० | - |
| | जम्मा | | | | ८,००,०००।- | - |

अन्य लक्षित वर्ग ( आदिवासी जनजाति दलित अपांगता ज्येष्ठ नागरिक मुस्लिम पिछडा वर्ग लक्षित कार्यक्रम )

| क्र.स. | कार्यक्रमको नाम | लक्षित समुह | सहभागि संख्या | समय अवधि | स्वीकृत बजेट |
|---|---|---|---|---|---|
| | प्लम्विङ्ग तालिम | लक्षित वर्गका युवाहरु | २० जना | ३ महिना | ४,००,०००।- |
| | हाउस वाइरिङ | लक्षित वर्गका युवाहरु | २० जना | ३ महिना | ४,००,०००।- |
| | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ८० वर्ष माथिका ज्येष्ठ नागरिक | | | २,००,०००।- |
| ४ | नगरस्तरीय अपांगता समन्वय समिति मार्फत खर्च गर्ने गरी अपांगता भएका व्यक्तिहरुको क्षमता विकास | अपांगता भएका व्यक्तिहरु | | | ४,००,०००।- |
| ५ | विविध | | | | १,००,००० |
| | जम्मा | | | | १५,००,०००।- |

**कार्यपालिका बैठकमा नगर प्रमुखबाट पेश भएका थप प्रस्तावहरु :**

(१.) देवचुली ५, बन्दिपुर स्थित नेपाल धर्ती आधारभूत विद्यालयका लागि थप बजेट उपलब्ध गराउने सम्बन्धमा।

(२.) देवचुली १४ स्थित भिमसेन मन्दिर र देवचुली १६ स्थित लक्ष्मीनारायण वनवाटिकाको कम्पाउण्ड वाल निर्माणको लागि बजेट उपलब्ध गराउने सम्बन्धमा।

(३.) देवचुली नगरपलिकाको आ.ब. २०७४/०७५ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।

(४.) देवचुली नगरपालिका नगर कार्यपालिकाको पुरानो भवन भत्काउने (Dismantle) सम्बन्धमा।

प्रतिलिपि
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(५.) वडा नं. ९ को वडा कार्यालय भवनको शिलान्यास खर्च भुक्तानी सम्बन्धमा ।

(६.) दुम्कैली स्वास्थ्य केन्द्र र नेपाल धर्ति भवन निर्माण सम्बन्धमा ।

**निर्णयहरु :**

(१.) उल्लिखित प्रस्ताव १ उपर छलफल हुँदा नगरपालिकाको नगर क्षेत्र पूर्वाधार मर्मत संभार शिर्षकबाट रु २००,०००।– (अक्षरमा दुई लाख) आगामी नगर सभाबाट अनुमोदन हुने गरि उपलब्ध गराउने निर्णय गरियो ।

(२.) प्रस्ताव २ उपर छलफल हुँदा भिमसेन मन्दिरका लागि रु ३००,०००।– (अक्षरमा तीन लाख) र लक्ष्मी नारायण वनवाटिकाका लागि रु १५०,०००।– (अक्षरमा एक लाख पचास हजार) कला संस्कृति प्रवर्द्धन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

(३.) प्रस्ताव ३ को हकमा महालेखा परीक्षक कार्यालयको मिति २०७५।०९।१८, च.नं. ७० को पत्रसाथ संलग्न नगरपालिकाको आ.व. ०७४/०७५ को लेखा परीक्षण प्रतिवेदन नगर कार्यपालिकामा प्रस्तुत भई छलफल गरी सो प्रतिवेनको सुझाब अनुसार कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

(४.) प्रस्ताव ४ उपर छलफल हुँदा उक्त जिर्ण भवन भत्काउन (Dismantle) पूर्व उक्त जिर्ण भवनको मूल्याङ्कन गर्न निम्नानुसारको मूल्याङ्कन समिति र निम्न बमोजिमको प्राविधिक उप समिति समेत गठन गर्ने निर्णय गरियो ।साथै गठित मूल्याङ्कन समिति संक्षय उप समितिले प्रतिवेदन पेश गर्ने र मूल्याङ्कन समितिले न. प कार्यालयमा प्रतिवेदन पेश गर्ने कानून बमोजिम अख्तियारी प्रदान गरीयो ।

**मूल्याङ्कन समिति :**

| | | |
|---|---|---|
| (१.) | संयोजक | प्र.प.अ. श्री नारायण प्रसाद सापकोटा |
| (२.) | सम्बन्धित विषयका विषयबिज्ञ, सदस्य | ई. श्री टिकाराम बस्याल |
| (३.) | सम्बन्धित विषयका विषयबिज्ञ, सदस्य | ई.श्री सन्तोष काफ्ले |
| (४.) | कानून शाखाको जिम्मेवारी तोकिएका, सदस्य | शा.अ.श्री रण बहादुर खत्री |
| (५.) | सदस्य | ले.अ. श्री श्रीभद्र पौडेल |
| (६.) | सदस्य सचिव | अ.छैठौं श्री अविनाश पन्थी |

साथै मूल्याङ्कन समितिले आबश्यक ठाने बमोजिम विशेष आमन्त्रित सदस्य राख्न सक्नेछ ।

**प्राविधिक मूल्याङ्कन उप समिति :**

| | | |
|---|---|---|
| (१.) | संयोजक | ई. श्री टिकाराम बस्याल |
| (२.) | सम्बन्धित विषयका विषयबिज्ञ, सदस्य | ई. श्री सन्तोष काफ्ले |
| (३.) | सदस्य सचिव | सब-ई. श्री बालकृष्ण भुसाल |

साथै उपसमितिले आबश्यकता अनुसार थप बिशेषज्ञ र विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(४.) प्रस्ताव नं. ५ उपर छलफल हुँदा वडा नं. ९ को वडा कार्यालय भवन शिलान्यास कार्यक्रममा खर्च भएको रु ६३,३३०।– नगरपालिका तथा वडा कार्यालय जलपान तथा अतिथि सत्कार खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

(५.) प्रस्तावन न. ६ उपर छलफल हुँदा दुम्कैली स्वास्थ्य केन्द्रको लागि रू ५० हजार दिने निर्णय गरियो। ~~र नेपाल धर्ति भवन निर्माणको लागि रू २ लाख न.पा को निशर्त अनुदान वा आन्तरिक आयबाट खर्च लेख्ने गरी निर्णय गरियो।~~

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत